# दलित आन्दोलनले नलिएको गति



अर्जुन थपलिया

संविधान निर्माणसँगै हुने राज्यको पुनःसंरचना प्रक्रियामा विगतमा उपेक्षित मधेसी समुदाय पाइपाइको हिसाब गरी अंश दाबी गर्न सबैभन्दा बढी सचेत देखिन्छ । समान अंश र मौलिक पहिचान दाबी गर्नेहरूमा नेपालका थारु समुदाय पनि सशक्त भएर देखापरेका छन् । मधेसी र जनजातिले नयाँ संविधान बन्नुअगावै आन्दोलनको बलमा आगामी संविधानमा आफ्ना अधिकार सुनिश्चित गर्न राज्यसँग लिखित सम्झौता गराएका छन् । कतिपय मागलाई अन्तरिम संविधानमै उल्लेख गर्न राज्यलाई बाध्य पारेका छन् । यो अभूतपूर्व अवसरमा दलितहरू भने निकै पछाडि परेका छन् ।

२०४६ सालको सीमित राजनीतिक परिवर्तनपछि दलितहरू संगठित हुनेक्रममा तीव्रता आएको थियो । विभिन्न क्षेत्रमा आकारमा सानो भए पनि संगठित दलित आन्दोलन नभएका होइनन् । ०५६ सालमा सिरहा र सप्तरीमा उठेको सिनो बहिष्कार र पश्चिम नेपालमा उठेको हलिया मुक्ति आन्दोलन यसका ज्वलन्त उदाहरण हुन् । तर यतिबेला दलित आन्दोलन समाप्त भएको देखिँदैछ । गैरसरकारी संस्थाहरूको अगुवाइ र स्रोतको बलमा उठेका आन्दोलनबाहेक आज दलितहरूको आफ्नो आन्दोलन कतै देखिँदैन ।

नेपाली राजनीतिको केन्द्रीय भागमा दलित मुक्तिको प्रश्नमा कुनै बहस भएको छैन । उनीहरूले राज्यसँग ठोस रूपमा कुनै माग प्रस्तुत गर्नसकेका छैनन् । देशको जनसंख्याको २० प्रतिशत रहे पनि छरिएर रहेका दलितहरूले क्षेत्रीय स्वायत्तताको दाबी कुन क्षेत्रविशेषमा गर्ने हुन्, थाहा छैन । जातीय असमानता र अन्याय सहेका दलित वर्गको मुक्तिलाई क्षेत्रीय स्वायत्तताको नाराले पनि छुने देखिँदैन ।

जातीय आधारमा क्षेत्रीय स्वायत्तताको सवाल उठाउने माओवादीले दलितलाई ऐतिहासिक सर्वहारा भनेर कम्युनिष्ट अलंकार पहिराउँदै उनीहरूको मुक्तिका लागि विशेषाधिकार दिनुपर्ने कुरा उठायो । तर अन्तरिम संविधानमा महिलालाई ३३ प्रतिशत आरक्षण दिँदा दलितबारे कुनै व्यवस्था गरिएन । यसको मुख्य कारण थियो, दलितहरूको आन्दोलनले शक्ति पैदा गर्न नसक्नु । दलित नेता तथा बुद्धिजीवीहरू कि पार्टीमा आबद्ध छन् कि राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा । पार्टीभित्र रहेका दलित नेताहरू माउ पार्टीको आदेशविना हलचल गर्न सक्दैनन् । एनजीओवादी दलित नेताहरू 'प्रोजेक्ट' नपाई डेग चल्दैनन् ।

एक पार्टीमा आबद्ध दलित नेताको अगुवाइमा दलित अधिकारका लागि हुने कुनै पनि अभियानमा अर्को पार्टीका दलित नेता जाँदैनन् । गइहाले पनि कुरा काट्नेभन्दा बढी केही गर्दैनन् । दलित मुक्ति हुनुपर्छ भन्ने मान्यता सबैको छ, तर पार्टीको वफादार बन्न त्यस्तो मुक्ति आफूआबद्ध रहेको पार्टीले मात्र दिनसक्ने उनीहरू दाबी गर्छन् ।

मुलुक गणतन्त्रमा प्रवेश गर्‍यो, तर आज पनि राज्यसत्ताको उच्च ओहदामा बसेका दलितहरू कुनै न कुनै रूपमा कृपापात्र भएरै पदमा पुगेका छन् । जातीय र वर्गीय हिसाबले उत्पीडन समान छ, तर वर्गीय एकता वा जातीय एकता दलित समुदायबीच भ्यागुताको धार्नी साबित भएको छ । कतिपटक संयुक्त मोर्चा बनेको देखिन्छ, तर काम आरम्भ गर्नुअघि नै विवाद भएर भाँडभैलो मच्चिने गरेको छ । गैरसरकारी संघ-संस्थाहरूमा आबद्ध दलित अधिकारकर्मीहरूको त झन् बेहाल छ । कतिपय दलित व्यक्तित्वको आपसमा बोलचाल पनि छैन । उनीहरूबीच निजी झगडा केही पनि छैन । तर बोलचाल नहुनुको कारण हो- फरक दलित व्यक्तित्वहरूले फरक-फरक दाताबाट एउटै सवालमा काम गर्ने भनी प्रोजेक्ट लिनु । तोकिएको सवालमा उपलब्धि देखाउने र त्यसको श्रेय आफूलाई प्रोजेक्ट दिने दातालाई दिलाउने होडबाजी छ, उनीहरूमा ।

यता गैरसरकारी संस्थाहरूले सघाएको दलितका अधिकारमुखी अभियानलाई राज्यले त्यति महत्त्व दिएको देखिँदैन । एउटा सानो क्षेत्रमा सानो संख्यालाई समेटेर एनजीओहरूले उठाएका अधिकारमुखी अभियान त्यसै बिलाएर गइरहेछन् । एउटा एनजीओको स्रोत लगानीबाट उठेको आन्दोलनमा अन्य एनजीओले सघाउँदैनन् । एनजीओहरूले उठाएको कुनै पनि सवालमुखी आन्दोलन साझा प्रकृतिका हुनसकेका छैनन् । मन्दिर प्रवेश, सिनो बहिष्कार, हलिया मुक्ति र भूमि अधिकारको नाममा उठेका दलित आन्दोलन पनि यतिबेला बिलाएर गएका छन् । किनकि यी आन्दोलनलाई भिन्न-भिन्न दाताले प्रोजेक्ट दिएका हुन् ।



पार्टीभित्र रहेका दलित नेताहरू माउ पार्टीको आदेशविना हलचल गर्न सक्दैनन् । एनजीओवादी दलित नेताहरू 'प्रोजेक्ट' नपाई डेग चल्दैनन् ।

दलितहरूले मधेस आन्दोलनबाट पाठ सिक्नुपर्ने थियो, तर त्यसो हुन सकेन । मधेस विद्रोहपछि पनि मधेसीहरू आफ्नो अधिकारका लागि डटिरहेछन् । जुनसुकै पार्टीमा भए पनि मधेसको सवालमा उनीहरूले संयुक्त भएर संसद अवरुद्ध पारेको उदाहरण छ । जुनसुकै राजनीतिक दलमा भए पनि मधेसी नेतालाई मधेसी समुदायले मधेसको हितरक्षा गर्न दबाब दिइरहेछन् । तर आफू आबद्ध रहेको दलमा पनि दलित नेताले दलित अधिकार सुनिश्चित गराउन कुनै दबाब सिर्जना गर्नसकेका छैनन् ।

३० वर्षे पञ्चायती व्यवस्था र ०४६ पछिको १२ वर्षे प्रजातान्त्रिक शासनकालमा टीको लगाएर केही दलितलाई राज्यको ओहदामा पुर्‍याइयो । पञ्चायतकालमा पदमा पुगेकाहरूलाई राजावादी दलित भनेर अन्य दलितले दुत्कार्ने गर्थे । प्रजातान्त्रिक कालमा पनि कांग्रेस र कम्युनिष्ट दलित भनेर यो वर्गविभाजित नै रह्यो । अहिले अर्को दुर्भाग्य आइलागेको छ, दलित आन्दोलनलाई । यतिबेला मधेसी र पहाडी दलित भनेर दुई खेमामा विभाजित गरिएको छ ।

हिंसात्मक र उग्ररूप लिएर विध्वंसमा उत्रिएकाहरूको मात्र आवाज छिटो सुन्ने हाम्रो राज्यको मौलिक चरित्र र विशेषता भएको कारण आवाजविहीनहरूको आवाज राज्यबाट हत्तपत्त सुनिँदैन । दलितहरूको मुक्तिसँग गाँसिएका मुख्य दुई सवाल आरक्षण र भूमिसुधार आज पनि राज्यको अन्तिम प्राथमिकतामा छ । यसको मुख्य कारण दलितको निम्छरो संगठन र लुरे आन्दोलन नै हो । बाबुराम भट्टराईको शब्दमा भन्दा संविधान भनेको वर्गीय अंशबन्डाको दस्तावेज हो । यो वर्गीय अंशबन्डाको दस्तावेज लेखन प्रक्रिया आरम्भ भइसक्यो । अब पनि चुप लागेर फेरि ठगिने कि आफ्ना मुद्दा सशक्त तर शान्तिपूर्ण ढंगले अगाडि सार्ने ? नेपाली दलितहरूले निधो गर्नुपर्ने बेला आएको छ ।

arjunactivist@gmail.com